# मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना (MSU) कसरी संकलन गर्ने?

## वयस्क, युवा तथा महिला मूत्रप्रणाली (फिमेल युरिनरी सिस्टम) भएका ठूला बालिकाहरूका लागि

## सामान्य सुझावहरू

पिसाबको नमुना संकलन गर्नु अघि र पछि साबुनपानीले **सधैं आफ्नो हात राम्रोसँग धुनुहोस्।**


नमुना संकलन गर्न तपाई पूर्ण रूपमा तयार नभएसम्म **कीटाणुरहित भाँडो (स्टेराइल कन्टेनर) नखोल्नुहोस्।**

**कन्टेनरको भित्री भाग नछुनुहोस्,** र तपाईको जननेन्द्रिय (गुप्ताङ्ग) ले कन्टेनरको कुनै पनि भागसँग नछुने गरी सावधानी अपनाउनुहोस्।

यदि तपाईंको स्वास्थ्यकर्मीले भन्नुभएको छ भने, **नमुना सङ्कलन गर्नु अघि कन्टेनरमा आफ्नो आवश्यक विवरण (लेबल) टाँस्नुहोस् वा लेख्नुहोस्।**


## मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना संकलन गर्ने:

**1**



भाडाको बिको खोल्नुहोस् र यसलाई भित्री भाग माथितर्फ फर्काएर सफा ठाउँमा राख्नुहोस्।

**2**



एउटा हात प्रयोग गरी लेबिया (योनिको प्वाल वरिपरि रहेको छालाको पत्र वा भगोष्ठ) लाई फैलाउनुहोस् र त्यसलाई खुला राख्नुहोस्।

**3**




पिसाब सुरुमा शौचालयमा पिसाब फेर्न सुरु गर्नुहोस् (पिसाबको सुरुको भाग सङ्कलन नगर्नुहोस्) पिसाबको बहावलाई नरोकी, भाँडोलाई पिसाबको धारमा लैजानुहोस् र केही पिसाब संकलन गर्नुहोस्।

**4**



भाँडो बाहिर नपोखिने (ओभरफ्लो नहुने) गरी नपोखिने गरी सकेसम्म धेरै पिसाब भर्नुहोस्, वा यदि भाँडोमा चिन्ह (मार्क्ड लाइन) लगाइएको छ भने त्यो चिन्हसम्म भर्नुहोस्। त्यसपछि बाँकी पिसाब शौचालयमै गर्नुहोस्।

**5**



भाँडोमा बिको लगाउनुहोस् र यसलाई राम्रोसँग कस्नुहोस्। यदि भाँडोको बाहिरी भाग भिजेको छ भने, त्यसलाई पानीले पखालेर पुछ्नुहोस्।

**6**



सङ्कलित पिसाबको नमुनालाई भर्न भनिएका कुनै पनि फारम वा लेबलहरू सहित जति सक्दो चाँडो आफ्नो स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीकहाँ लैजानुहोस्। पृष्ठ 2 मा दिइएका सुझावहरू पालना गर्नुहोस्।

## संक्षिप्त जानकारी

**मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना भनेको के हो?** पिसाब फेर्दै गर्दा बीचको समयमा संकलन गरिएको पिसाब नै मिड-स्ट्रिम युरिन (पिसाबको बीचको धार) को नमुना हो।

### मैले पिसाबको बीचको धार (मिड-स्ट्रिम) कै नमुना किन संकलन गर्नुपर्छ?

पिसाब फेर्न सुरु गर्दाको सुरुवाती पिसाबमा छालाका कीटाणुहरू (जर्म्स) मिसिन सक्छन्, जसले परीक्षणको नतिजालाई असर गर्न सक्छ। बीचको धार (मिड-स्ट्रिम) को पिसाब संकलन गर्दा यो समस्याबाट बच्न सकिन्छ र परीक्षणको नतिजा बढी सही आउँछ।

### के मैले नमुना संकलन गर्नु अघि आफ्नो गुप्ताङ्ग धुनु आवश्यक छ?

यदि तपाईंको स्वास्थ्यकर्मीले विशेष रूपमा भन्नुभएको छैन भने, तपाईंले कुनै विशेष वाइप्स वा सरसफाइका सामाग्रीहरू प्रयोग गर्नुपर्दैन। गुप्ताङ्ग रहेको भाग सफा र सुख्खा छ भन्ने सुनिश्चित गर्नुहोस्।

### के म घरकै कुनै सिसी वा भाँडो प्रयोग गर्न सक्छु?

नमुना संकलन गर्नका लागि तपाईंले आफ्नो स्वास्थ्यकर्मीले दिनुभएको भाँडो नै प्रयोग गर्नुपर्छ।

### नमुना सङ्कलन गर्ने समयले केहि फरक पार्छ?

नमुनाको गुणस्तर उत्तम होस् भन्नका लागि आफ्नो एपोइन्टमेन्ट (अस्पताल जाने समय) को ठीक अगाडि नमुना संकलन गर्ने प्रयास गर्नुहोस्। यदि सम्भव छ भने, एन्टिबायोटिक्स औषधि खानु अघि पिसाबको नमुना लिने प्रयास गर्नुहोस्।

### के कुनै अवस्थामा यो प्रक्रिया फरक हुन सक्छ?

कहिलेकाँही तपाईंको स्वास्थ्यकर्मीले पिसाबको नमुना संकलन गर्न अर्कै तरिका अपनाउन पनि सल्लाह दिन सक्नुहुन्छ। त्यस्तो अवस्थामा उहाँले दिएको निर्देशन नै पालना गर्नुहोस्।

## पिसाबको नमुना बुझाउँदा अपनाउनुपर्ने कुराहरु

- **नमुना सकेसम्म छिटो बुझाउनुहोस्**
  यसलाई जति सक्दो चाँडो आफ्नो स्वास्थ्यकर्मीकहाँ लैजानुहोस् – सम्भव भएमा दुई घण्टा भित्र।

- **नमुना बुझाउने समय जाँच गर्नुहोस्:** नमुना बुझाउने अन्तिम समय (ड्रप-अफ टाइम) कहिले हो भनेर सोध्नुहोस्, ता कि तपाईंको नमुना सोही दिन प्रयोगशाला (ल्याब) मा पुग्न सकोस्।

- **यसलाई चिसो ठाउँमा राख्नुहोस्।**
  यदि नमुना तुरुन्तै बुझाउन सक्नुहुन्न भने, यसलाई एउटा प्लास्टिकको झोलामा राख्नुहोस् र अस्पताल लैजान नसक्दासम्म फ्रिजमा भण्डारण गर्नुहोस्।

- **विशेष कीटाणुरहित भाँडो (स्टेराइल कन्टेनर) को प्रयोग**
  केही भाँडोहरूमा नमुना सुरक्षित राख्न प्रिजर्भेटिभ पाउडर र पिसाब भर्नुपर्ने मात्रा देखाउने चिन्ह (फिल लाइन) हुन्छ। चिन्ह लगाइएको ठाउँसम्म भर्ने प्रयास गर्नुहोस्, तर यदि सक्नुभएन भने, जति पिसाब संकलन गर्न सक्नुहुन्छ त्यति नै राख्नुहोस्।

थप जानकारीका लागि **यहाँ स्क्यान गर्नुहोस्।**

© क्राउन प्रतिलिपि अधिकार 2026 संस्करण 1, प्रकाशित मिति: जुलाई 2026 पुनरावलोकन मिति: जुलाई 2029: यो डकुमेन्ट स्वास्थ्यकर्मीहरू, बिरामीहरू र व्यावसायिक चिकित्सा निकायहरूको सहकार्यमा तयार पारिएको हो। TARGET कार्यक्रम यूके हेल्थ सेक्युरिटी एजेन्सी (UK Health Security Agency) द्वारा सञ्चालन गरिन्छ।